British Gurkha Welfare Society
**Major (Retired) TD Dewan**
**Chairman**
**British Gurkha Welfare Society**
119 Wren Way, Farnborough, Hants GU14 8TA Tel: 01252 510794 email: hulaksewa@yahoo.com Website: www.bgws.org

प्रेस विज्ञप्ति

**बिजिडब्लुएसका अध्यक्ष सेवानिवृत्त मेजर टिकेन्द्रदल देवानद्वारा जारी प्रेस विज्ञप्ति**

फार्नबरो, अगष्ट २४-- सन् १९९७ भन्दा पहिले अवकाशप्राप्त गरेका तथा कम्तीमा चार वर्ष पुरा गरेका सबै भूपू गोर्खा सैनिकहरुले ब्रिटेनमा स्थायी बसोबासका लागि आवेदन दिन पाउने गत मे २१ को ब्रिटिश सरकारको घोषणासंगै न्याय र समानताकालागि भूपू गोर्खाहरुले सन्चालन गरिरहेको अभियान नयां चरणमा प्रवेश गरेको छ। यस पृष्ठभूमिमा सबै भूपू गोर्खाहरुलाई उनीहरुका ब्रिटिश समकक्षीसरह समान पेन्सन तथा अन्य सुविधा उपलब्ध गराईयोस् भन्ने मागलाई ब्रिटिश गोर्खा वेलफेयर सोसाईटी (बिजिडब्लुएस) ले जोडदार रुपमा उठाईरहेको छ। यस्तो बेला गोर्खा न्याय र अधिकारका लागि लडीरहेका छौं भन्ने सबै गोर्खाली संघसंगठनहरु एकजुट भएर साझा उद्देश्य प्राप्तिकालागि अगाडि बढ्नुपर्नेमा उल्टै हाम्रो संगठन, बिजिडब्लुएस, र यसका पदाधिकारीहरुको चरित्र हत्या गर्ने तथा हाम्रो कृयाकलापबारे भ्रम फैलाउने उद्देश्यले गोर्खालीहरुकै केही संगठनका वरिष्ठ पदाधिकारीहरुले आफ्नो लेख तथा सार्वजनिक टिप्पणीमार्फत व्यक्त गरेका भनाइहरुप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। यसबाट उत्पन्न हुनसक्ने भ्रम हटाउनुकासाथै सत्यतथ्य विवरण जनसमक्ष जाओस् भन्ने उद्देश्यले यो प्रेस विज्ञप्ति जारी गरिएको छ। उपरोक्त सन्दर्भमा हाम्रा भनाइहरु यसप्रकार छन्।

१। भूपू गोर्खा सैनिक संगठन गेसोको आधिकारिक वेबसाईटमा संगठनका उपाध्यक्ष कृष्णकुमार राईको नामबाट प्रकाशित लेखमा मैले गत वर्ष नोभेम्बर ३ तारिखमा ब्रिटिश हाउस अफ कमन्सको होम अफेयर्स सेलेक्ट कमिटिका अध्यक्ष किथ भाज तथा नोभेम्बर २० तारिखमा जोआना लम्लीलाई लेखेको पत्रको फोटोकपि प्रकाशित गर्नुकासाथै ती दुबै पत्रको मर्म र भावनालाई जानीजानी गलत ढंगले प्रस्तुत गरिएको छ। ती दुबै पत्रका संबन्धमा गत १२ डिसेम्बरमा हाम्रो कार्यालय गोर्खा भवनमा आयोजित पत्रकार संमेलनमा स्पष्ट पारीसकिएको छ। म यहां यतिमात्र दोहोर्याउन चाहन्छु कि ती दुबै पत्र भूपू गोर्खाहरुलाई बेलायतमा बसोबास गराउने काममा वाधा पुराउन नभई बेलैमा ब्रिटिश अधिकारीहरुलाई त्यसबारे सजग गराउने उद्देश्यले लेखिएका हुन्। आश्चर्यैलाग्दो कुरा त के छ भने नोभेम्बर ३ र नोभेम्बर २० तारिखमा मैले लेखेका पत्रहरुको चर्चा गर्नेहरुले नोभेम्बर ११ तारिखमा मैले होम अफेयर्स सेलेक्ट कमिटिका अध्यक्ष किथ भाजसंगको बैठकपछि उनलाई लेखेको पत्रको कुनै उल्लेख समेत नगर्नु रहस्यमय छ। सो पत्रमा मैले ब्रिटिश क्राउनको सेवा गरे वापत सन् १९९७ जुलाई एक तारिख अघि सेवानिवृत्त लगायत सबै भूपू गोर्खा सैनिकहरुलाई आवासीय सुविधा दिनुपर्ने र गोर्खा सैनिकहरुलाई तिनका ब्रिटिश समकक्षी सरह समान पेन्सनको व्यवस्था गरिनुपर्ने कुरा स्पष्टरुपमा उल्लेख गरेको छु।

त्यस्तै गोर्खा न्याय अभियानमा सह्राहनीय भूमिका निर्वाह गरेकी ब्रिटिश अभिनेत्री लम्लीलाई अगाडि लगाएर आफ्नो निहित स्वार्थ पुरा गर्ने काम हुन नपाओस् भनेर उहांलाई बेलैमा सचेत गराउन मैले पत्र लेखेको पनि स्पष्ट पार्न चाहन्छु। तर सो व्यक्तिगत पत्रलाई सार्वजनिक गरी वेबसाईटमा राख्ने कामका पछाडि आफ्नो गलत आचरण ढाकछोप गर्ने नियत मात्रै हो भन्ने कुरा अब दिनको घाम झैं छर्लङ्ग भैसकेको छ।

२। ब्रिटिश सरकारले आफ्नो सेनामा काम गरी सेवा निवृत्त भएका भूपू गोर्खाहरुमाथि भेदभावपूर्ण नीति अपनाई बेलायतमा आवासीय भीसा दिन ईन्कार गर्नुकासाथै जबर्जस्ती डिपोर्ट गर्न थालेपछि त्यसको विरोधमा पहिलो पटक बेलायतमै सन् २००३ मा भूपू गोर्खाहरुको संगठन बिजिडब्लुएस स्थापना गरिएको सबैलाई अवगत नै छ। सन् २००४ को सेप्टेम्बर ३ का दिन ब्रिटेनको लिभरपुलमा पहिलोपटक एउटा शान्तिपूर्ण प्रदर्शन गरी ब्रिटिश गोर्खा वेलफेयर सोसाईटीले ब्रिटिश सेनामा सेवा गरिसकेका भूपू गोर्खा सैनिकहरुलाई ब्रिटेनमा बसोबास गर्न दिन र उनीहरुलाई फिर्ता नपठाउन एउटा लामो कानुनी तथा नैतिक लडाईंको शुरुआत गरेको थियो। फलस्वरुप होम अफिसले गोर्खा सैनिकहरुलाई डिपोर्ट गर्ने काम बन्द गर्यो। तर पनि १ जुलाई १९९७ पछि सेवानिवृत्त गोर्खाली सैनिकहरुलाई मात्र बेलायतमा बसोबास गर्न दिने भन्ने ब्रिटिश सरकारको घोषणाको विरोधमा सो एकपक्षीय मिति हटनु पर्छ भनि हामीले अरु गोर्खा संघसंस्थाहरुसंग मिलेर आन्दोलन अगाडि बढायौं। स्मरणीय छ, तत्कालिन ब्रिटिश प्रधानमन्त्री टोनी ब्लेयरलाई पत्र लेखेर हामीले सन् १९९७ जुलाई एक तारिखको “कट अफ” मितिको विरोध गर्नुका साथै सबै भूपू गोर्खाहरुलाई ब्रिटेनमा आवासीय सुविधा दिन आह्वान गरेका थियौं।

अचम्मको कुरा त के छ भने बीजीडब्लुएसले यसरी गोर्खा न्याय अभियान चर्काईरहंदा भूपू गोर्खा सैनिक संगठन गेसोले भूपू गोर्खासैनिकहरुलाई बेलायतमा बेलायतमा बसोबास गर्न दिने कुरा एउटा जाल मात्र भएको बताएको थियो। ४ अक्टोबर २००४ काठमाण्डूमा एउटा पत्रकार संमेलन गरी उनीहरुले यो विषय त्रिपक्षीय सन्धिसंग पनि संबन्धित भएकाले भारतसरकारसंग पनि परामर्श गरिनुपर्ने माग गरेका थिए। सो संबन्धी समाचारका लागि http://www.ekantipur.com/kolnews.php?&nid=18212 हेर्नुहोला। यसबाट ढांटेको कुरा काटे मिल्दैन भन्ने नेपाली उखान चरितार्थ हुन्छ।

यसै वर्ष ब्रिटिश सरकारको घोषणाको ठीक दुई दिनअघि, मे १९ तारिखका दिन, होम अफेयर्स सेलेक्ट कमिटिका अध्यक्ष किथ भाजको अध्यक्षतामा बसेको बैठकमा बोल्दै मैले गोर्खालीहरुलाई आवासीय सुविधा दिलाउने संबन्धमा फैलाईएका भ्रम मेटाउन प्रयास गरेको थिएं। जसअनुसार बसोबास अधिकार पाएपछि झण्डै छत्तीस हजार भूपू गोर्खालीहरु बेलायत आउने तथा उनीहरुलाई गास, बास, कपासको व्यवस्था गर्न झण्डै १.४ बिलियन पौण्ड खर्च लाग्ने भन्ने भनाईको खण्डन गर्दै वास्तवमा झण्डै दश देखि बाह्रहजारसंम मात्र गोर्खालीहरु बेलायत आउने संभावना रहेको भनाइ राखेको थिए। जसले गर्दा झण्डै ३०० मिलियन पौण्डमात्र खर्च लाग्ने संशोधित अनुमान एमओडिले गरेको छ। ब्रिटिश क्राउन र साम्राज्यकालागि २०० वर्ष लामो गोर्खाली बलिदानको तुलनामा सो रकम नगण्य रहेकोमा मैले जोड दिएको थिएं। त्यसलगत्तै ब्रिटिश सरकारबाट गरिएको निर्णयमा बिजिडब्लुएसले प्रस्तुत गरेको विवरणको पनि महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ। होम अफेयर्स कमिटिको ४ नोभेम्बर २००८ को बैठकमा उपस्थित युबीजीईएन संबद्ध केही पदाधिकारीहरुले क्षतिपूर्तिको विषयमा प्रश्न उठ्दा केही थाहा नभएको जवाफ दिनु, तर अहिले आएर बिजिडब्लुएसमाथि नै दोषारोपण गर्नु खेदजनक छ।

३। सबै भूपू गोर्खा सैनिकहरुलाई बेलायतमा बसोबास गर्न दिन बेलायत सरकार राजी भएपछि केही गोर्खा संगठनहरुले अब गोर्खा न्याय अभियानको औचित्य समाप्त भएको घोषणा गरेका छन्। तर बिजिडब्लुएस भने सबै भूपू गोर्खा सैनिक र अधिकृतहरुलाई समान पेन्सन र अन्य सुविधा उपलब्ध नहुंदासम्म गोर्खा न्याय अभियान अपुरो नै रहने ठान्दछ र हाल जारी अभियानलाई निरन्तर अगाडि बढाउने कुरामा दृढ छ। कम्तीमा दुई वर्ष सेवा गरेका र नाम कटुवामा परेका समेत सबै भूपूहरुलाई ब्रिटिश सैनिकसरह समान पेन्सन दिईनुपर्छ भन्ने कुरा हामीले स्पष्ट राखेका छौं। हामी हाम्रा सदस्य र भूपू गोर्खा सैनिक तथा तिनका परिवारलाई गलत आश्वासन दिई निहित स्वार्थ पुरा गर्न चाहंदैनौं। त्यसैले सबै भूपू गोर्खा सैनिकहरुलाई समान पेन्सनको अभियानमा अग्रपंक्तिमा रहेको हाम्रो संगठनले अघि सारेका मागलाई तोडमरोड गरेर भ्रम फैलाउने काम नगर्न हामी सबैसंग आग्रह गर्न चाहन्छौं।

यसैक्रममा बिजिडब्लुएसले लण्डनमा बेलायतका प्रमुख राजनीतिक दलका सांसदहरु लगायत भूपू सैनिक मामिला हेर्ने मन्त्री केभिन जोन्स र एमओडि टिमसंग भेटघाट गरी सम्पूर्ण भूपू सैनिकहरुलाई समान पेन्सनबारे दबाब दिंदै आएको जानकारी गराउन चाहन्छु। हाम्रो लगातारको लविईङले गर्दा मुख्य राजनीतिक पार्टीका ९० भन्दाबढी सांसदहरुले] Early Day Motion 1726 मा हस्ताक्षर गरी हाम्रा मागहरुमा समर्थन गरिसकेका छन् र यो क्रम अझै जारी छ। उनीहरुमध्ये केहीले त ब्रिटिश प्रधानमन्त्री गोर्डन ब्राउन र मन्त्रीहरुलाई हाम्रो मागको समर्थनमा व्यक्तिगत पत्रसमेत लेखेका छन्। त्यसैले समानताकालागि लडेका विभिन्न युद्धहरुमाथि विजय प्राप्त गरिसकेको परिप्रेक्षमा यो मुद्दा समेत जित्नेमा हामीले सकारात्मक आशा राखेका छौं।

४। बिजिडब्लुएसद्वारा बेलायतमा चलाईरहेको अभियानबारे नेपाली नेता तथा अधिकारीहरुलाई अवगत गराउन तथा उहांहरुको नैतिक समर्थन प्राप्त गर्न मेरो नेतृत्वमा हालै बिजिडब्लुएसको एक प्रतिनिधिमण्डलले नेपालको दुईसाता लामो भ्रमण गरेको थियो। हामीले आफ्नो काठमाण्डू बसाईका क्रममा सम्मानीय राष्ट्पति, प्रधानमन्त्री, संविधानसभाका अध्यक्ष, विभिन्न राजनीतिक दलका नेता तथा अधिकारीहरुसंग छुट्टाछुट्टै भेटवार्ता गरी सबै भूपू गोर्खाहरुलाई समान पेन्सनको हाम्रो मागबारे अवगत गरायौं। उहांहरु सबैले हाम्रो अभियानमा नैतिक समर्थन जनाउनु भएको छ, जसको समाचार प्रमुख सन्चार माध्यमहरुमा प्रकाशित भैसकेको छ। मैले काठमाण्डूबाट फिर्नुअघि एउटा खुल्ला पत्रकार संमेलन आयोजनागरी तथा टेलिभिजनबाट प्रत्यक्ष अन्तर्वार्ताका साथै रेडियो एवम् अखबारहरुमा आफ्नो कुरा राखी त्यहां उठेका प्रश्नहरुको जवाफ दिएको थिएं। हाम्रो संस्थाको आर्थिक कारोबार, संगठनात्मक ढांचा र हाम्रो उद्देश्य तथा कामका बारे कतैबाट पनि कुनै किसिमको आशंका सो अवसरमा कसैले व्यक्त गरेको पाईनं। अहिले आएर शोषित, पीडित गोर्खालीहरुलाई दुहुनो गाई बनाएको भनेर आफ्नै कानुनी सल्लाहकार तथा विदेशस्थित शाखाहरुबाट सप्रमाण आरोप खेपिरहेकाहरुले बिजिडब्लुएस तथा म स्वयम् माथि आधारहीन आरोपहरु लगाउनु सरासर दुराशयपूर्ण छ। ती आरोप सावित गर्न म चुनौती दिनचाहन्छु। ब्रिटिश कानुन अन्तर्गत रजिष्टर्ड हाम्रो संस्थाको आय, व्यय तथा कार्य विवरण जो कोहीले जुनसुकै बेला आएर हेर्नसक्नुहुनेछ। तर गलत आशयले भ्रम फैलाउन चाहनेहरुको कुनै उपचार गर्न सकिंदैन।

५। गोर्खा न्याय अभियान अहिले निकै महत्वपूर्ण मोडमा आईपुगेको छ। हामी एकपटक पुन: यस अभियानमा संलग्न सबै व्यक्ति तथा संघसंस्थाहरुलाई एउटै साझा उद्देश्यकालागि एकजुट हुन हार्दिक आह्वान गर्न चाहन्छौं।

सबै भूपू गोर्खाहरुलाई समान पेन्सन दिलाउन हाम्रो भन्दा भरपर्दो योजना कुनै व्यक्ति वा संस्थाले अघि सारेमा हामी हाम्रो अभियान स्थगित गरी निजलाई सघाउन तयार छौं। तर सस्तो लोकप्रियताकालागि सम्पूर्ण गोर्खालीहरुलाई भ्रममा पारी आफ्नो दुहुनो सोझाउने तथा गोर्खा अभियानलाई नेपालदेखि बेलायतसंम कमाई खाने भांडो तुल्याउने व्यक्ति तथा प्रवृत्तिसंग भने म लगायत हाम्रो संस्थाले कहिल्यै कुनै हालतमा संझौता नगर्ने फेरि स्पष्ट पार्न चाहन्छु। त्यस्तै ब्रिटिश सरकारको पछिल्लो निर्णय पछि पनि नेपालका विभिन्न गाउं तथा शहरहरुमा कठीन परिस्थितिमा जीवन यापन गरिरहेका भूपू गोर्खा दाजुभाई तथा तिनका परिवारलाई सही र सांचो जानकारी तथा सहयोग उपलब्ध गराउनुको साटो आफुलाई गोर्खालीहरुको सबैभन्दा ठूलो संगठन भन्नेहरुबाट नै घर, जग्गा बन्धकी राखेर भएपनि बेलायतमा बसोबास वापत भनी जनही साठी हजार उठाउने काम भैरहेको सुनिएको छ, जुन अत्यन्तै आपत्तीजनक र निन्दनीय छ। त्यस्तो कार्य तुरुन्त बन्द गर्न र त्यसरी उठाएको रकम संबन्धित व्यक्तिलाई फिर्ता गर्न पनि हामी माग गर्दछौं।

भूपू मेजर टिकेन्द्रदल देवान
अध्यक्ष
ब्रिटिश गोर्खा वेलफेयर सोसाईटी (बिजिडब्लुएस)

तपाईंहरुको थप कुनै जिज्ञाशा भए वा जानकारी चाहिए निम्न ठेगानामा सम्पर्क गर्नुहोला।

ब्रिटिश गोर्खा वेलफेयर सोसाईटी
गोर्खा भवन 119 WREN WAY
FARNBOROUGH, HANTS
GU14 8TA
Tel: 01252510794
e-mail: hulaksewa@yahoo.com
www.bgws.org